चन्द्रकोट गाउँपालिका

कार्यपालिका बैठकमिति :२०८३/०१/१४

बैठक संख्या : एघारौं (२०८२/०८३)

आजमिति २०८३ साल बैशाख १४ गते सोमबार का दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

उपस्थिति

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा,वडा अध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडा अध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडा अध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा,वडा अध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा,वडा अध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा,वडा अध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा,वडा अध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा,वडा अध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री लक्ष्मणप्रसाद चालिसे | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासकीय अधिकृत | |
| १९. | श्री युवराज पन्थी | प्रशासकीय अधिकृत | |
| २० | श्री प्रशान्त रिजाल | लेखा अधिकृत | |
| | श्री नमराज ढिं पुरी | शिक्षा अधिकृत | |

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०१/१४
बैठक संख्या : एघारौं (२०८२/०८३)

**प्रस्तावहरु**

१. समिक्षा सम्बन्धमा।

२. सुरक्षित नागरिक आवास कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा।

३. योजना कार्यान्वयन सम्बन्धमा।

४. विविध

क) जेष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन योजना सम्बन्धमा।

ख) चौथो अध्यक्षकप भलिबल प्रतियोगिता सम्बन्धमा।

ग) योजना तर्जुमा सम्बन्धमा।

घ) अपुग रकम रकमान्तर गर्ने सम्बन्धमा।

ङ) खारेज भएको बालविकास केन्द्रमा रहेका नगद तथा जिन्सी सामाग्री हस्तान्तरण गर्ने सम्बन्धमा।

च) स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत आयोजनाहरुको विद्युत खरिद बिक्रि सम्बन्धमा।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको दशौं बैठक देखि हाल सम्म भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो।साथै पालिकाको योजना तथा कार्यक्रम कार्यान्वयनका सन्दर्भमा पूजीगत खर्च बृद्धि गर्नका लागि सम्पन्न योजना भुक्तानी गराउन वडाहरुले आवश्यक समन्वय गर्ने।

२. प्रस्ताव नं. २ उपर छलफल यस चन्द्रकोट गाउँपालिका गुल्मीमा संचालन हुने सुरक्षित नागरिक आवास कार्यक्रमका संम्बन्धमा हाल स्वीकृत भएका लाभग्राही मध्ये ६२ जनासँग संझौता नभएको अवस्थामा चालु आर्थिक बर्ष वा आगामी आर्थिक बर्षमा कार्यान्वयन हुनेगरी तपशिल बमोजिमका संख्यामा वडाहरुका लाभग्राहीसँग सम्झौता गर्ने। साथै नयाँ लाभग्राही कायम गर्ने प्रयोजनार्थ वडा कार्यालयले नयाँ लाभग्राही कायम गर्नका लागि १० दिने सार्वजनिक सूचना प्रकाशन गरी निवेदन संकलन गर्ने।

तपशिलः

| वडा नं. | संझौता गर्नका लागि तोकिएका लाभग्राही संख्या |
|---|---|
| १, दिब्रुङ्ग | ४ जना |
| ३, हर्राचौर | १ जना |
| ५, ग्वाघा | १४ जना |
| ६, हरेवा | ३ जना |
| ८, तुराङ्ग | १५ जना |

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिकाको कार्यालय
शान्तिपुर गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

उल्लेखित संख्यामा लाभग्राहीलाई संझौता गर्नका लागि हाल सम्म संझौता नभई बाँकी रहेका लाभग्राहीबाट प्राथमिकताका आधारमा सम्बन्धित वडाले छनौट गरी २०८३ बैशाख २५ गतेभित्र पालिकामा संझौताको लागि पठाउने।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिका गुल्मीको चालु आर्थिक बर्ष २०८२/८३ मा कार्यान्वयन हुने योजनाहरुको संझौताका सम्बन्धमा यस अघिको कार्यपालिका बैठकबाट चैत्र मसान्त २०८२ भित्र गरिसक्ने भनिएकोमा विविध कारणले उक्त समयमा संझौता हुन नसकेका योजनाहरुलाई २०८३ बैशाख मसान्तभित्र संझौता गरिसक्ने।

४. प्रस्ताव नं. ४ विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने।

क) यस चन्द्रकोट गाउँपालिकामा संघिय शशर्त तर्फको चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम जेष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन,चन्द्रकोट गाउँपालिका कार्यान्वयन गर्ने प्रयोजनार्थ १५ दिनको सार्वजनिक सुचना निकाली देहाय अनुसारको चौकील्लाभित्र कम्तिमा १ रोपनी जग्गा पालिकाको नाममा निःशुल्क रुपमा प्रदान गर्न सक्ने व्यक्ति वा संस्था समक्ष जग्गा प्रासीका लागि पालिकाले सार्वजनिक सुचना प्रकाशन गर्ने र जग्गा प्रासी प्रकृया अगाडि बढाउने।

<u>तपशिलः-</u>

पूर्व- चन्द्रकोट आधारभुत अस्पताल क्षेत्र
पश्चिमः- सरस्वती आधारभुत विद्यालय ढाव
उत्तरः- श्रीलंका टोल
दक्षिणः- क्वाङ्गदी गरा गाउँ

ख) यस चन्द्रकोट गाउँपालिका गुल्मीको मिति २०८३/०१/०८ गतेको गाउँ कार्यपालिकाको बैठकवाट मिति २०८३ जेठ ५ र ६ गते आयोजना गर्नेगरी तय भएको चौथो अध्यक्षकप भलिवल प्रतियोगितामा अन्तर वडा स्तरीय महिला तथा पुरुष भलिवल प्रतियोगिता गर्ने। साथै यस कार्यक्रमलाई सुसम्पन्न गर्न सहजीकरण गर्ने उद्देश्यले देहाय बमोजिम हुने गरी एक समन्वय समिति गठन गर्ने। उक्त कार्यक्रमको अवसरमा पालिकामा र वडामा कार्यरत कर्मचारी-जनप्रतिनिधि बीच मैत्रिपूर्ण व्याडमिन्टन प्रतियोगिता समेत संचालन गर्न सोही शीर्षकबाट रु १ लाखमा नबढ्ने गरी आवश्यक बजेटको व्यवस्थापन गर्ने।

<u>तपशिलः-</u>

| | |
|---|---|
| वडा नं. ४ वडाध्यक्ष श्री बल बहादुर बस्नेत | -संयोजक |
| वडा नं. ५ वडाध्यक्ष श्री पृथ बहादुर कार्की | -सदस्य |
| गाउँ कार्यपालिका सदस्य श्री सूर्यकुमार बश्याल | -सदस्य |
| गाउँसभा सदस्य श्री राम बहादुर बलाल | -सदस्य |
| गाउँसभा सदस्य श्री शुशिला पुन | -सदस्य |
| जिल्ला भलिवलसंघ गुल्मी प्रतिनिधि श्री मनोज गुरुङ्ग | -सदस्य |
| सहायक शिक्षा अधिकृत श्री दिपेन्द्र जि.सी. | -सदस्य सचिव |

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर गुल्मी लुम्बिनी प्रदेश, नेपाल

लक्ष्मणप्रसाद चालिसे
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०१/१४
बैठक संख्या : एघारौं (२०८२/०८३)

ग) यस चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि तय हुने योजना तथा कार्यक्रमका सम्बन्धमा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरे बमोजिम विभिन्न विषयगत शाखाहरु र वडालाई बजेट सिलिङ्ग २०८३ बैशाख १५ गतेभित्र उपलब्ध गराउने। साथै आगामी आर्थिक बर्षमा संचालन हुने कृषि विकास, पशुसेवा, शिक्षा तथा खेलकुद र स्वास्थ्यका कार्यक्रमहरु साथै सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद गरी लक्षित तथा विपन्न बर्गलाई हस्तान्तरण गर्नुपर्ने कार्यक्रमहरु पालिकातहबाटै संचालन गर्ने गरी बजेट तयार गर्ने।

घ) यस चन्द्रकोट गाउँपालिका गुल्मीको चालु आर्थिक बर्षको विनियोजित बजेट कार्यान्वयनका सन्दर्भमा आन्तरिक श्रोतबाट कार्यान्वयन हुने कार्यक्रम एवम् योजनाहरुमा बजेट अपुग हुने शीर्षकमा भुक्तानी गर्ने प्रयोजनार्थ चन्द्रकोट गाउँपालिकाको विनियोजन ऐन २०८२ को नियम ३ (ख) बमोजिम पालिकामा अन्य कार्यक्रम तथा योजनाहरुमा रकम खर्च नहुने भएमा अधिकतम २५ प्रतिशतले नबढ्ने गरी रकमान्तर गरी योजना तथा कार्यक्रमको आगामी कार्यपालिकाबाट अनुमोदन गराउने गरी भुक्तानीको व्यवस्था मिलाउने।

ङ) यस चन्द्रकोट गाउँपालिका गुल्मीको मिति २०८२/१२/२५ गतेको कार्यपालिकाको निर्णय नं. ८ (ज) बमोजिम यस गाउँपालिकाको वडा नं. ४ डाँडाबनमा रहेको भैरवस्थान वाल विकास केन्द्र खारेज गरीएकोमा उक्त वालविकास केन्द्रमा मौजुदा रहेका नगद तथा जिन्सी सामाग्रीहरुलाई चन्द्रकोट-४ मा रहेको खड्गदेव आधारभुत विद्यालयलाई हस्तान्तरण गर्ने।

च) नेपाल विद्युत प्राधिकरण व्यवसाय विकास निर्देशनालय, विद्युत व्यापार विभागको स्थानीय तहको लगानीमा निर्माण हुने सौर्य विद्युत आयोजनाहरुको विद्युत खरिद विक्रि संझौताका सम्बन्धमा प्राप्त सूचना बमोजिम यस स्थानीय तहमा नीजि क्षेत्रबाट निर्माण हुने १ मेघावाट सम्म जडित क्षमता भएका सौर्य विद्युत आयोजनाका लागि देहाय अनुसार गर्नेः-

- यसरी निर्माणहुने सौर्य विद्युत उत्पादन आयोजनाहरुमा पालिकाको तर्फबाट आवश्यकता बमोजिम क्रमागत रुपमा ५१ प्रतिशत सम्म पुंजी लगानी गर्ने।
- यसरी कम्पनी निर्माण गर्न चाहने नीजि क्षेत्रहरुसँग पालिकाले ५१ प्रतिशत र ४९ प्रतिशतको सह लगानीमा कम्पनी स्थापना गर्न आवश्यक सहजीकरण गर्ने।
- यसरी निर्माणका लागि प्रस्ताव पेश गर्ने कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा पालिकाको तर्फबाट आधिकारीक प्रतिनिधित्वका लागि प्रमुख प्रशासकीय अधिकृतलाई तोकी आवश्यक अख्तियारीनामा प्रदान गर्ने।
- यसरी निर्माण हुने कम्पनीका लागि स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने गरी इजाजतपत्र प्रदान, नियमन, अनुगमन तथा व्यवस्थापन, रोयल्टी रकम कायम लगायतका कार्यका लागि आवश्यक कानुनी प्रबन्ध मिलाउने।

*उल्लेखित निर्णयहरुसँगै अध्यक्षज्यूबाट गाउँ कार्यपालिकाको एघारौं बैठकमा उपस्थित सम्पूर्ण कार्यपालिका सदस्यहरु तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै बैठक सम्पन्न भयो।*

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

लक्ष्मणप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत